# यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/८२
चलानी नम्बर :-

मिति २०८१।०४।०३

**विषय : करार शिक्षक नियुक्ति प्रयोजनार्थ विषय विशेषज्ञ सूचिकृत हुन चाहने उम्मेदवारहरुको लागि दरखास्त आह्वानको सूचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा रिक्त हुने स्वीकृत दरवन्दी, राहत, अनुदान कोटा करारमा पदपुर्ती गर्ने प्रयोजनको लागि विषय विशेषज्ञको सूचिकृत गर्नुपर्ने भएकोले यस गाउँपालिकाको निर्णयानुसार सम्बन्धित तह र श्रेणीमा कम्तिमा ५ बर्ष अनुभव प्राप्त गरेका इच्छुक कार्यरत स्थायी शिक्षकहरुबाट तपशिल बमोजिमको आवशयक कागजात तथा गाउँपालिकामा तपशिलमा उल्लेखित राजश्व दस्तुर बुझाएको भौचर सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउँपालिकाले तोकेको दरखास्त फाराम भरी पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपिशल

१. सूचना नं. ०१/०८१।०८१
२. पद : विषय विशेषज्ञ
   क) प्राथमिक शिक्षक (सबै विषय)
   ख) निम्न माध्यमिक शिक्षक (सम्बन्धित विषय)
   ग) माध्यमिक शिक्षक (सम्बन्धित विषय)
   घ) माध्यमिक शिक्षक द्वितिय (साविक उच्च मा वि अनुदान कोटा) सम्बन्धित विषय
३. शैक्षिक योग्यता :
   क) प्राथमिक शिक्षकको विषय विशेषज्ञको लागि शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तिर्ण गरी कम्तिमा प्राथमिक शिक्षक तृतिय श्रेणीमा ५ बर्ष स्थायी शिक्षक अनुभव हुनु पर्ने ।
   ख) नि.मा.वि. शिक्षकको विषय विशेषज्ञको लागि शिक्षा शास्त्र वा सो सरह उत्तिर्ण गरी सम्बन्धित विषयमा कम्तिमा नि.मा.वि. शिक्षक तृतिय श्रेणीमा ५ बर्ष स्थायी शिक्षकको कार्यअनुभव हुनु पर्ने ।
   ग) मा.वि. शिक्षकको विषय विशेषज्ञको लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त गरेको सम्बन्धित विषयमा कम्तिमा मा.वि. शिक्षक तृतिय श्रेणीमा ५ बर्ष स्थायी शिक्षकको कार्यअनुभव हुनु पर्ने ।
   घ) मा.वि.शिक्षक द्वितियको विषय विशेषज्ञको लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त गरेको सम्बन्धित विषयमा कम्तिमा मा.वि.द्वितिय श्रेणीमा २(दुइ) बर्षको कार्यअनुभव सहितको कार्यरत भएको हुनुपर्ने ।
४. **आवश्यक कागजातहरु :**
   **क.** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
   **ख.** शैक्षिक योग्यता(स्नातक र सोभन्दा माथी)का प्रमाणपत्रका प्रतिलिपिहरु ।
   **ग.** स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि ।
   **घ.** स्थायी नियुक्ती वा बढुवा पत्रका प्रतिलिपिहरु ।
५. दस्तुर :
   **क.** प्रा.वि. शिक्षकको लागि रु ५००। (अक्षरेपी पाँच सय) ।
   **ख.** नि.मा.वि. शिक्षक (सम्बन्धित विषय) को लागि रु ७००।- (अक्षरेपी सात सय) र १ विषय भन्दा बढी विषयको विज्ञ हुन चाहेमा थप विषयको प्रति विषय रु. १०० (एक सय) ।
   **ग.** मा.वि. शिक्षक(सम्बन्धित विषय)को लागि रु १०००। (अक्षरेपी एक हजार) र १ विषय भन्दा बढी विषयको विज्ञ हुन चाहेमा थप विषयको प्रति विषय रु. १०० (एक सय) ।
   **घ.** मा.वि. द्वितिय (सम्बन्धित विषय)को लागि रु. १२००। (अक्षरेपी बाह सय) र र १ विषय भन्दा बढी विषयको विज्ञ हुन चाहेमा थप विषयको प्रति विषय रु. १०० (एक सय) ।
६. आवेदन फारामको लागि यस गाउँपालिकाको बेवसाइट : www.yasodharamun.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

२०८१/४/३

ऋषभ देव खनाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner